“नागरिक र प्रहरीको सहकार्य आजको आवश्यकता सामुदायिक प्रहरी सेवाको प्रतिबद्धता”

महानगरीय प्रहरी आयुक्तको कार्यालय, सामुदायिक शाखा रानीपोखरी वाट काठमाण्डौ,ललितपुर र भक्तपुर जिल्लामा रहेको सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी सेवा केन्द्रहरुलाई प्रत्यक्षरुपमा निरिक्षण, निर्देशन र समन्वय गरी आवश्यकता अनुसार कार्यान्वय गरिदै आईरहेको छ ।

## परिभाषा:-

समाजका विभिन्न प्रकारका तथ्याङ्क तथा सूचनाहरुको विश्लेषण गरी समाजमा घट्ने विभिन्न अपराधजन्य क्रियाकलापहरु न्यूनीकरण गर्दै समाजमा शान्ति सुव्यवस्था अमनचैन कायम गर्ने कार्यमा उल्लेख्य योगदान पुर्‍याउनको निम्ति समाजमा रहेका संघ-संस्था, क्लब, धार्मिक-सांस्कृतिक केन्द्रहरुको माध्यमद्वारा युवा तथा जनसमुदायलाई सशक्त ढङ्गबाट परिचालन गरी विभिन्न रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्दै एकआपसमा भातृत्वको विकास गरेर एउटा सुरक्षित, सुसस्कृत एवं समुन्नत समाजको सिर्जना गर्ने कार्यमा प्रहरीद्वारा समुदायसँग हातेमालो गरी कार्य गर्ने उद्देश्यले सामुदायिक प्रहरी सेवा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले नेपालभर प्रहरी तथा नागरिक समाजको सहकार्य, समन्वयमा सञ्चालनमा रहेका सामुदायिक प्रहरी सेवा केन्द्र, सामुदायिक सेवा केन्द्रहरूमा नेपाल प्रहरी एवं जनताको सहभागितामा सामुदायिक प्रहरी सेवामार्फत समाजमा अमनचैन एवं शान्ति कायम गर्ने स्थानीय जनतामा सुरक्षाको अनुभूति बढाउँदै जनविश्वास कायम गर्ने यसको मूल लक्ष्य रहनेछ । नेपालको सामुदायिक प्रहरी सेवा नेपाल प्रहरीको एक अभिन्न अङ्गका रूपमा रहनेछ ।